का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ फागुन २०७८,
शनिबार
5 March 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक २८ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

# तीन दशकपछि दोहोरिएको डर

पुस दोस्रो साता आठौं राष्ट्रिय महाधिवेशन गरेको नेकपा माओवादी केन्द्रले पुष्पकमल दाहाल प्रचण्डलाई नै अध्यक्षमा निरन्तरता दिएपनि बाँकी पदाधिकारी र केन्द्रीय कमिटीलाई पूर्णता दिन सकेको छैन । बरु शुक्रबार शुरु भएको केन्द्रीय कमिटी बैठकले पार्टी एकता नै कायम नरहला भन्ने भय सिर्जना गरेको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० फागुन ।

नेकपा माओवादी केन्द्रको केन्द्रीय कमिटी बैठक राजधानी उपत्यकामा शुक्रबार शुरु भएको छ । पुस ११-१८ गते सम्पन्न आठौं राष्ट्रिय महाधिवेशन पछि बसेको यो दोस्रो केन्द्रीय कमिटी बैठक हो । महाधिवेशनले २३६ जना केन्द्रीय सदस्य अनुमोदन गरेको थियो । माओवादी केन्द्रको विधानले भने २९९ सदस्यीय केन्द्रीय कमिटीको व्यवस्था गरेको छ ।

तर सहमतिमै केन्द्रीय कमिटी टुंग्याउन अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले २३६ जनाको नाम मात्रै महाधिवेशन हलमा प्रस्तुत गरेका थिए । प्रचण्डको प्रस्ताव हलले अनुमोदन गरेको थियो । हलबाट अनुमोदित केन्द्रीय सदस्यहरुको बैठक १९ पुसमा बस्यो । त्यो बैठकले प्रचण्डलाई अध्यक्षमा निरन्तरता दिने निर्णय गरेको थियो ।

नेता वर्षमान पुन उपचारका क्रममा विदेशमा रहेको भन्दै एक दिन बसेर स्थगित केन्द्रीय कमिटी बैठक २५ पुसमा तोकिएको थियो । तर त्यसदिन बैठक बस्न सकेन । बरु लगातार बैठक स्थगित हुँदै गयो ।

पूर्वमन्त्री पुन स्वदेश फर्किएपछि पनि बैठक बसेन । २५ पुसको बैठक कोरोना महामारीको तेस्रो भेरियन्ट ओमिक्रोनको संक्रमण उच्च बनेपछि स्थगित गरिएको थियो । तर संक्रमित संख्या लगातार घट्दै समाज त्रासमुक्त भइसकेको छ ।

नेता पुन स्वदेश फर्किएको र संक्रमण समेत घट्दा पनि बैठक बस्न सकेन । १२ माघमा राष्ट्रिय निर्वाचन भएकाले माओवादी केन्द्रको बैठक रोकियो । चुनाव सकिएपछि प्रचण्ड एमसीसीतिर केन्द्रीत भए । अमेरिकी सहयोग परियोजना एमसीसी अनुमोदन गराउने पक्षमा माओवादी केन्द्र थिएन । तर प्रचण्डले एमसीसी अनुमोदन गराउनुपर्ने दबावमा परे ।

१५ फागुनमा प्रचण्डले व्याख्यात्मक घोषणासहित एमसीसी अनुमोदनको पक्षमा माओवादी केन्द्रले उभ्याए । तर एमसीसी अनुमोदनको निर्णय पार्टीले लिएपछि नारायणकाजी श्रेष्ठ सहित नेताहरुले चर्को असन्तुष्टि जनाएका छन् । १६ फागुनमा प्रचण्डले श्रेष्ठले पार्टी छोडेर जान सक्ने अभिव्यक्ति दिएपछि श्रेष्ठ पक्षका नेताहरुले पार्टी विभाजन गर्ने संभावनाबारे आँकलन भइरहेको छ ।

श्रेष्ठ निकट गिरिराजमणि पोखरेल र अञ्जना बिशुंकले एमसीसी अनुमोदनको विपक्षमा उभिने प्रतिनिधिसभा बैठकमै जानकारी दिएका थिए । शुक्रबार शुरु भएको बैठकमा श्रेष्ठले पनि प्रचण्डले पार्टी छोडेर जान सक्ने बताएकाले आफू गम्भीर बनेको बताएका छन् । तर प्रचण्डले भने एमसीसीमा फरक मत भएपनि एकताबद्ध पार्टी बनाउनुपर्ने प्रस्ताव गरेका छन् ।

कतिपयले भने २०४८ मा चितवनको माडीमा सम्पन्न एकताको महाधिवेशनकै झल्को तीन दशकपछि देखिएको बताएका छन् । त्यो महाधिवेशनमा दीर्घकालीन जनयुद्धको कार्यक्रम प्रचण्डले ल्यापछि नारायणकाजी श्रेष्ठहरु अलग भएका थिए । प्रचण्डले भने नेकपा माओवादी गठन गरेर सशस्त्र विद्रोहको घोषणा गरेका थिए ।

दश वर्षे सशस्त्र विद्रोहपछि २०६४ मा प्रचण्ड शान्तिपूर्ण राजनीतिमा फर्किएपछि श्रेष्ठ नेतृत्वको एकता केन्द्र मसालसँग पार्टी एकता भएको थियो । पदाधिकारी चयन, केन्द्रीय कमिटीलाई पूर्णता सहित एमसीसी एजेण्डकै कारण फेरि प्रचण्ड र श्रेष्ठबीच दुरी बढेको छ । त्यसैले शुक्रबार शुरु भएको केन्द्रीय कमिटी बैठकलाई तीन दशक अगाडिको छैटौं महाधिवेशनकै भय दोहोरिन पुगेको छ ।

## आक्रोशित श्रेष्ठ संयमित प्रचण्ड

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० फागुन ।

> एमसीसीकै कारण सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रभित्र देखिएको मतभेदको असार शुक्रबार शुरु भएको केन्द्रीय कमिटी बैठकमा देखिएको छ ।

नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले पार्टी केन्द्रीय कमिटी बैठकमा अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को कडा आलोचना गरेका छन् । पुस दोस्रो साता सम्पन्न आठौं राष्ट्रिय महाधिवेशन र पार्टी निर्णय बिपरीत एमसीसी अनुमोदन गरिएको भन्दै श्रेष्ठले नेतृत्वसँग प्रश्न उठाका छन् । पार्टी निर्णयको पक्षमा बोल्दा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टी छोडे हुन्छ भनेकोप्रति श्रेष्ठले तीव्र असन्तुष्टि जनाएका छन् ।

प्रचण्डले नै पार्टी छोडेर गए हुने बताएकाले सम्बन्धमा अविश्वास सिर्जना भएको श्रेष्ठको भनाइ थियो । व्याख्यात्मक घोषणासहित एमसीसी अनुमोदन गराउने माओवादी केन्द्रको निर्णयप्रति श्रेष्ठ पक्षका नेताहरुले गम्भीर असहमति रहेको प्रतिक्रिया दिएका थिए ।

१५ फागुनमा एमसीसी प्रतिनिधिसभा बैठकबाट अनुमोदन हुँदै गर्दा श्रेष्ठले सामाजिक सञ्जाल ट्वीटरमार्फत् एमसीसी अनुमोदनको निर्णयमा गम्भीर असहमति रहेको जनाएका थिए । प्रतिनिधिसभा बैठकमा एमसीसीमाथि छलफलका क्रममा पनि श्रेष्ठ निकट नेता गिरिराजमणि पोखरेल र अञ्जना विशुंकले चर्को आलोचना गर्दै अनुमोदनको पक्षमा उभिन नसक्ने बताएका थिए ।

एमसीसी – बाँकी पृष्ठ २ मा

## भीडको भय

अभिनेता पल शाह एक नाबालिग गायिका बलात्कारको मुद्दामा पक्राउ परेपछि बढेको भीडले निष्पक्ष छानबीन प्रभावित हुने खतरा बढेको अधिकारकर्मीहरुले बताएका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० फागुन ।

एक नाबालिका गायिका बलात्कारका आरापित पल शाहको मुद्दा अनावश्क प्रचार र बहसले गिजोलिने डर बढेको छ । व्यक्ति पिच्छे राय र अभिव्यक्ति सार्वजनिक हुँदा प्रहरी प्रशासनलाई तथ्य पत्ता लगाउन कठिन परेको हो ।

अझ सडकमा पक्ष र विपक्षका आन्दोलन चर्किन थालेपछि राष्ट्रिय मानव अधिकार आयोगले पक्ष र विपक्षमा प्रदर्शन गर्ने, अभिव्यक्ति दिने र प्रचारबाजी गर्ने काम नगर्न आग्रह समेत गरेको छ । 'गम्भीर प्रकृतिको अपराधको अनुसन्धान फौजदारी न्यायको सिद्धान्त अनुसार गोप्य, निष्पक्ष, स्वतन्त्र र भय रहित वातावरणमा हुनुपर्दछ', आयोगका सहायक प्रवक्ता लोकनाथ वास्तोलाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'गम्भीर प्रकृतिको फौजदारी अपराधको अनुसन्धान प्रक्रियालाई प्रभावित पार्ने गरी पक्ष र विपक्षमा समाचार सम्प्रेषण नगर्न, सम्बन्धित व्यक्तिको अनुमति विना भिडियोहरु रेकर्ड नगर्न, रेकर्ड गरिएका भिडियोहरु सार्वजनिकनगर्न र अति प्रचारका कारण प्रमाणहरु नष्ट हुनेतर्फ विचार पुऱ्याउनु पर्दछ ।'

मद्दाको विषयलाई लिएर अनुसन्धान प्रक्रिया चलिरहेको समयमा भएका अनैतिक गतिविधिले आरोपित र पीडित दुवै पक्षको गोपनीयता र मर्यादामा आँच पुग्नुका साथै अनुसन्धान प्रक्रिया समेत प्रभावित हुन सक्ने आयोगको भनाई छ ।

नेपालको संविधानको धारा २८ को गोपनीयताको हक र धारा २० माउल्लेखित न्याय सम्बन्धी हक, मुलुकी फौजदारी संहिताको दफा २९८, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १२ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा १७ मा व्यवस्था भएको गोपनीयताको अधिकार समेत प्रभावित भएको देखिएको विज्ञप्तिमा उल्लेख छ ।

### व्यक्तिपिच्छेका फरक राय

चर्चामा रहेको पल र समीक्षा प्रकरण हेर्ने हो भने धेरैले गायिका समीक्षालाई सामाजिक सञ्जालमा गाली दिएको पाइन्छ । कानूनका ज्ञाता, केही अधिकारकर्मी, राजनीतिज्ञ बाहेक सबैले ती गायिका नाबालिका नभएर शाहलाई फसाउन झुटो आरोप लगाएको बताइरहेका छन् ।

तर, अधिवक्ता राधिका खतिवडा भने नाबालिगलाई करणी गर्दा स्वीकारोक्ति थियो या थिएन भन्ने प्रश्न नै नरहने बताउँछिन् । "नाबालिगलाई करणी गर्दा स्वीकारोक्ति या सहमति थियो भन्ने प्रश्न नै रहँदैन । किनभने मुलुकी पराध संहिता २०७४ को दफा २१९ को व्यवस्थाअनुसार जबरजस्ती करणी गर्नु अपराध हो," उनले भनिन् । १८ वर्ष भन्दा कम उमेरकी बालिका माथि सहमतिमा पनि करणी गर्न नमिल्ने कानुनी व्यवस्था छ ।

किनभने मुलुकी अपराध संहिता २०७४ को दफा २१९ को व्यवस्था अनुसार जबरजस्ती करणी गर्नु अपराध हो । १८ वर्ष भन्दा कम उमेरकी बालिकामाथि सहमतिमा पनि करणी गर्न नमिल्ने कानुनी व्यवस्था छ ।

पीडित किशोरी जबर्जस्ती करणी भएको समयमा १५ वर्ष ८ महिना ९ दिनकी भएकाले आरोपितलाई १२ देखि १४ वर्ष काराबासको सजाय माग दाबी लिएर अभियोग पत्र दर्ता हुने अवस्था देखिन्छ । मुलुकी ऐन २०२० – बाँकी पृष्ठ २ मा



## वैदेशिक रोजगारको पुँजी र प्रविधिले करोडौंको लगानी

### एकैसाथ आधा दर्जन व्यवसाय सञ्चालन

**नवलपुर/रासस–** लामो समयसम्म विदेशी भूमिमा बसेर सिकेका सीप र ज्ञान स्वदेशमा नै प्रयोग गर्दै नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का युवा उद्यमी बन्दैछन् । यहाँका केही युवाले आफूहरू जस्तै विदेशी भूमिबाट फर्किएका 'रिटर्नी'हरूलाई आवद्ध गरेर संस्था स्थापना गर्दै दीर्घकालीन काम अगाडि बढाएका छन् । विदेशमा रहँदा सिकेको ज्ञान र सीपलाई स्वदेशमा लगाएर 'समृद्ध नेपाल, सुखी नेपाली'को सरकारी नारा सफल बनाउने उद्देश्यले तिनले 'रिटर्नी माइग्रेन्ट नेपाल' नामक संस्था स्थापना गरेका छन् ।

वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका नेपालीले सो संस्थामार्फत व्यावसायिक हुनका लागि 'रिटर्नी कृषि तथा पशुपालन कम्पनी लिमिटेड' दर्ता गरेर करोडौंको योजना अगाडि सारेका छन् । वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई सीप र क्षमतानुसारको रोजगारीको व्यवस्था गर्न निजी तथा सरकारी निकायसँग परामर्श गर्ने, उनीहरूको हितका लागि राज्यसँग समन्वयकारी भूमिका निर्वाह गर्ने र विभिन्न अभिमुखीकरण कार्यक्रम तथा सीपमूलक तालिम सञ्चालन गर्ने उद्देश्यले संस्था स्थापना गरिएको कम्पनीका अध्यक्ष नेत्रनारायण थनेतले बताए ।

विभिन्न सङ्घसंस्थासँग समन्वय गरी वैदेशिक रोजगारीबाट फर्किएका नेपालीको सामाजिक हित संरक्षणका क्षेत्रमा काम गर्नका लागि सहयोग गर्न पहल गर्ने – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### 'देशमै भोकै बसम् कि खाडीतिर पसम् ?'

**बागलुङ/रासस–** 'सर्टिफिकेट छ डिग्री पासको
न त गासको न टुङ्गो बासको
मैले के गरेर खाम
देशमै भोकै बसम् कि
खाडीतिर पसम् कि
सरकार ! लौन निधो पाम...' (पुरुष)

शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण झिक्न गएका युवा र बैंकका कर्मचारीबीचको संवादबाट उठान भएको गीत 'सरकार ! के गरेर खाम' को पहिलो तुक्का हो, यो । बैंकले ऋण नपत्याएपछि ती बेरोजगार युवा सरकारसामु प्रश्न गर्छन् । 'पढेकी हुँ बेचेर खेतबारी – बाँकी पृष्ठ २ मा

UAE मा रोजगारको अवसर | कम्पनी: HOTPACK PACKAGING LLC
शहर UAE

पूर्व स्वीकृत मिति: २०७८/११/२० चलानी नं.: ६०१७५३८९ LT. No.: 259100

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 17 | 0 | स. काममा दक्ष | 850 | २८,०४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २८ गते (12 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
E-mail : sharonhrsolution@gmail.com, sharonmanpower2@gmail.com

# काउन्सिलद्वारा २२ अनलाइनलाई सचेत
# १६ युट्युबलाई कारबाही सिफारिस

**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले पछिल्लो समय एक अभिनेता र एक गायिकाका विषयमा विभिन्न सञ्चार माध्यम एवं सामाजिक सञ्जाल (युट्युब) बाट सम्प्रेषण भएका सामग्रीहरूप्रति गम्भीर ध्यानाकषर्ण भएको जनाएको छ।

यस्तै काउन्सिलले आचारसंहिताप्रतिकूल सामग्री सम्प्रेषण गर्ने २२ अनलाइन मिडियालाई सचेत गराएको छ। दर्ता र सूचीकरण नभएका १० वेबपोर्टलहरूलाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने व्यवस्थाका लागि नेपाल दूरसञ्चार प्राधिकरणमा पत्राचार भएको काउन्सिलले शुक्रबार एक विज्ञप्ति जारी गर्दै जानकारी गराएको छ। कुनै मिडियाअन्तर्गत आवद्ध नभएका १६ युट्युब च्यानललाई अनुसन्धान गरी आवश्यक कारबाही गर्न नेपाल प्रहरी साइबर ब्युरोमा सिफारिस गरिएको छ।

अनुगमनका क्रममा विभिन्न सञ्चार माध्यम, वेबपोर्टल र सामाजिक सञ्जाल (खासगरी युट्युब) समेतबाट वैयक्तिक गोपनीयताको प्रतिकूल हुने, पीडितलाई थप पीडा पुग्ने, पीडितलाई नकारात्मक असर पर्ने र पीडितको पहिचान खुल्ने




गरि नाम, तस्बिर, भिडियो सामग्री सम्प्रेषण गर्ने, न्यायिक निकायमा विचाराधीन मुद्दाको स्वच्छ सुनुवाइ प्रक्रियामा प्रभाव पर्ने किसिमबाट आरोपी र जाहेरीवालाको पक्ष-विपक्षमा सामग्री सम्प्रेषण भइरहेका तथ्यहरू फेला परेको विज्ञप्तिमा उल्लेख छ। विभिन्न सञ्चार माध्यमबाट सम्प्रेषित सामग्री अध्ययन गर्दा सार्वजनिक अपराधसँग जोडिएका व्यक्ति तथा पीडितहरूको पक्ष/विपक्ष हुने गरी सामग्री सम्प्रेषण हुँदा पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) को दफा ५(११), ५(४) र ४(९) को ठाडो उल्लङ्घन भएको वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

'अदालतमा विचाराधिन रहेका यस्ता मुद्दाको न्यायिक छानबिनलाई प्रभाव पर्ने किसिमबाट सामग्री सम्प्रेषण नगर्न/नगराउन काउन्सिलले सञ्चार माध्यम, सम्पूर्ण पत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जाल र यसका प्रयोगकर्तालाई अपिलसमेत गरेका छौँ' काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले भने।

यसैबीच अनलाइन टिभी, सामाजिक सञ्जाल (विशेषगरी युट्युब च्यानल)हरूमा सम्प्रेषित सामग्रीबारे प्रेस काउन्सिल नेपालमा उजुरी र गुनासाहरू बढिरहेका सन्दर्भमा यसको नियमन र व्यवस्थापनका निमित्त सुझाव दिनका लागि एक कार्यदल गठन भइ कार्य भइरहेको विज्ञप्तिमार्फत् जनाइएको छ।

## भीडको ...

मा १६ वर्ष भन्दा कम उमेरकालाई बालबालिका मानिएको थियो। अहिले अपराध संहिता २०७४ मा १८ वर्ष तोकिएको छ।

नेपालले केही अन्तर र्‍ाष्ट्रिय बालबालिका सम्बन्धी महासन्धिहरूमा हस्ताक्षर गरेको छ र त्यो महासन्धिको सदस्य हुनुको नाताले १८ वर्ष लागु गरिएको हो। कसुर प्रमाणित भए प्रतिवादी पल शाहलाई हालको कानुनी व्यवस्था अनुसार मुलुकी अपराध संहिताको दफा २१९ अनुसार कारबाही हुनेछ।

## आक्रोशित...

अनुमोदन भएको भोलिपल्ट आयोजित पत्रकार सम्मेलनमा प्रचण्डले पार्टीभित्र एमसीसीबारे असहमति नरहेको बताएका थिए। प्रचण्डको यस्तो अभिव्यक्तिपछि श्रेष्ठले अलग रहने वा नरहनेबारे सोच्नुपर्ने बताएका थिए। आफू निकट नेताहरुसँग समेत उनले छलफल चलाए। तर १७ फागुनमा श्रेष्ठकै निवास पुगेर प्रचण्डले फकाउन प्रयत्न गरेका थिए।

शुक्रबारको केन्द्रीय कमिटी बैठकमा पनि प्रचण्डले पत्रकार हरुले सोधेको प्रश्नमा इरिटेड हुँदा त्यस्तो जवाफ दिन पुगेकाले एकताबद्ध पार्टी कायम राख्न आग्रह गरेका थिए। एमसीसी गठबन्धन जोगाउन र माओवादी नेताहरुमाथि मुद्दा चलाउने सक्ने संभावनाका कारण अनुमोदन गराउनु परेको प्रष्टोक्ति दिएका थिए। श्रेष्ठलाई प्रचण्डले एमसीसीमा फरक मत राखेपनि अलग हुनेबारे नसोच्न आग्रह गरेका थिए। "शुक्रबारको बैठकमा श्रेष्ठ आक्रोशित देखिनुभयो। तर अध्यक्ष कमरेड भने संयम देखिनुभयो। एकताबद्ध पार्टी राख्नुपर्नेमा जोड दिनुभयो", एक केन्द्रीय सदस्यले भने।

अर्को बैठक आइतबार राखिएको छ। त्यसैले पार्टी एकताबद्ध हुने वा नहुने भन्ने त्यसपछि प्रष्ट हुने ती नेताले बताए।

## वैदेशिक...

संस्थाको मुख्य उद्देश्य भएको उनको भनाइ छ। 'विदेशबाट फर्किएका तर आफ्नै पुँजी लगानी गर्न नसकेर भौँतारिइरहेका पूर्वप्रवासी श्रमिकलाई सीप र क्षमताअनुसारको रोजगारीको व्यवस्था गर्ने संस्थाको योजना छ,' अध्यक्ष थनेतले बताए।

कम्पनीमार्फत चिस्यान केन्द्र, एग्रो फार्म, एग्रो मार्ट, दूध प्रशोधन केन्द्र, एग्रो रिसोर्ट एण्ड रिसर्च सेन्टर निर्माणलगायत परियोजना अगाडि सारिएको छ। कम्पनीले जिल्ला सदरमुकाम कावासोती-१४ स्थित अग्यौलीमा १६ कट्ठा जमिनमा रु २० करोड लागतमा चिस्यान केन्द्र, मध्यविन्दु-१४ मा ११ बिघा जग्गामा रु एक करोड २० लाख लागतमा फलफूल तथा तरकारी खेती, कावासोती-१५ गोडारमा एक बिघा जमिनमा रु पाँच करोड लगानीमा २५ हजार लिटर क्षमताको दूध प्रशोधन केन्द्र तथगा एग्रो रिसोर्ट र कृषि सम्बन्धी रिसर्च सेन्टर निर्माण गर्ने गरी काम अघि बढाएको छ।

कम्पनीका चिस्यान केन्द्र संयोजक भीमबहादुर महतोले संस्थाले आफ्नो पहिलो परियोजनाका रूपमा नवलपरासी (बर्दघाट-सुस्तापूर्व)मा रिटर्नी कम्पनी संस्था दर्ता गरेर काम शुरु गरेको बताए। उनले कम्पनीमार्फत संस्थाले विदेशबाट फर्किएका तथा नेपालमा नै बसेका किसानसँग रकम उठाएर जिल्लाकै सबैभन्दा ठूलो चिस्यान केन्द्र निर्माण सुरु गरेको जानकारी दिए। २० करोड रूपैयाँको लागतमा देशभरका ३०० भन्दा बढी युवाको लगानीमा अग्यौलीमा तीन हजार मेट्रिक टन क्षमताको चिस्यान केन्द्र निर्माणको काम सुरु गरिएको बताइएको छ।

चिस्यान केन्द्र निर्माणको काम तीव्र गतिमा अगाडि बढिरहेको छ। आगामी दुई वर्षभित्र चिस्यान केन्द्र सञ्चालन गरिसक्नेगरी काम अगाडि बढाइएको जनाउँदै भीमबहादुरले भने, 'चिस्यान केन्द्रमा ५०० मेट्रिक टन क्षमताका समान ६ वटा चेम्बर रहनेछन्। एउटामा माछामासु, एउटामा २५ टन क्षमताको अटोमेसन मस्रुम कल्टिभेसन र बाँकी चार चेम्बरमा फलफूल तथा तरकारी राख्ने गरी निर्माण अगाडि बढाएका छौँ।'

मस्रुम कल्टिभेसनबाट डल्ले च्याउ उत्पादन गरिने छ। च्याउको बीउ राखिएको ४० दिनपछि प्रतिदिन १०० किलोका दरले ९० दिनसम्म उत्पादन आउँछ। चिनियाँ प्रविधिमा आधारित मस्रुम कल्टिभेसनबाट गुणस्तरीय धेरै उत्पादन हुने उनको भनाइ छ।

कम्पनीका प्रबन्ध निर्देशक दीपेन्द्र महतोले संस्थाले सञ्चालन गर्न लागेको चिस्यान केन्द्रमा तीन वटै सरकारको लागत सहभागिता रहेको बताए। सरकारको ५० तथा संस्थाको ५० प्रतिशत लगानीमा चिस्यान केन्द्र निर्माणको काम सुरु गरिएको दीपेन्द्रको भनाइ छ। दुबईका विभिन्न वायर हाउसमा काम गरेर स्वदेश फर्किएका नेपालीले नवलपुरमा बन्दै गरेको चिस्यान केन्द्रको व्यवस्थापनको काम हेरिरहेको उहाँले जानकारी दिए। चिस्यान केन्द्रसहित कम्पनीले सञ्चालन गर्न लागेको सबै परियोजनामा रिटर्नीले व्यवस्थापन हेर्ने छन्।

स्थानीय कृषकले उत्पादन गरेका ताजा फलफूल तथा तरकारी चिस्यान केन्द्रमा राखेर आवश्यक परेका समयमा बिक्री गर्ने उद्देश्यले काम सुरु गरिएको हो। आफूहरू दुबईको वायर हाउसमा काम गरेका समयमा अन्य देशबाट आएका फलफूल तथा तरकारी ल्याएर वायर हाउसमा राख्ने र बिक्री गर्ने गरिएको देखेर नेपालमा पनि त्यस्तै काम गर्ने सोचका साथ फर्किएको दीपेन्द्रले बताए।

कम्पनीका बजार अधिकृत रेशम खत्रीले चिस्यान केन्द्रको काम अगाडि बढाइएसँगै यसमा लगानीयोग्य रकमको अभाव नहोस् भन्ने हेतुले सर्वसाधारणका लागि सेयर खुला गरिएको जानकारी दिए। कम्पनीमा सेयर सदस्य हुनका लागि र १० हजार देखि रु ५० लाखसम्म लगानी गर्न सकिन्छ। साधारण, प्रमोटर र संस्थापक गरी तीन प्रकारको सेयरमा लगानी खोलिएको भए पनि अहिले संस्थापक सेयर बन्द गरिएको छ। बाँकी दुई प्रकारका सेयरमा स्वदेश तथा विदेशमा रहेका नेपालीले लगानी गर्न सक्ने खत्रीको भनाइ छ।

चिस्यान केन्द्रको पर्खाल निर्माणको काम सकिएर सिभिलको काम पूरा गर्दा करिब तीन करोड ३५ लाख खर्च भएको छ। जिल्लामा हालसम्म ठूला चिस्यान केन्द्र नभएकाले कृषकले उत्पादन गरेका तरकारी तथा फलफूल कुहिएर खेर गएका कारण आफूहरूको पहिलो परियोजनाका रुपमा चिस्यान केन्द्र रहेको खत्री बताउँछन्। 'कम्पनीले अहिले कावासोती बजारमा एग्रो मार्टसमेत सञ्चालनमा ल्याइसकेको छ,' खत्रीले भने, 'हामीले एग्रो मार्टका लागि ट्रेड मार्कसमेत ल्याएका छौँ, खाद्यान्न आयात- निर्यात गर्ने गरी सरकारबाट स्वीकृति पाइसकेका छौँ।'

## देशमै ...

अहिले खान पुग्दैन पेटभरी
मैले के गरेर खाम...' (महिला)

सर्टिफिकेट राखेर ऋण झिक्न पाइने सरकारी निर्णय सुनेर बैंकमा पुगेका युवालाई कर्मचारीले धितो/आयस्रोत नभई ऋण दिन नसिकने भन्दै रित्तो हात फर्काउँछन्। उल्टै सरकारसँग गएर ऋण माग्नु भनेर रुखो जवाफ लगाउँछन्।

गीतमा प्रयुक्त संवादले शैक्षिक कर्जा कार्यान्वयनमा देखिएको सकसलाईसमेत दर्शाउँछ। यसरी देशमै स्वरोजगार बन्नबाट बञ्चित शिक्षित युवाको मनोदशा र त्यसले उब्जाएका प्रश्न गीतमा मुखरित छन्। गीतको रचना गर्भ पनि यही हो। सिर्जना गर्दा जहिल्यै जनजीवनका मुद्दा रोज्ने लोकगायक विष्णु खत्री र गायिका सजना बास्तोलाद्वारा स्वरबद्ध यस गीत युट्युबमा सार्वजनिक भएको भर्खर २४ घण्टा बितेको छ। 'विष्णु खत्री' युट्युब च्यानलबाट सार्वजनिक गीतको म्यूजिक भिडियोले विस्तारै 'भ्यूज' पनि बटुल्दै छ।

सर्जक तथा गायक खत्रीले गीतको मार्फत् नेपालमा व्याप्त शैक्षिक बेरोजगारीको समस्यालाई उजागर गर्न खोजिएको बताए। 'नागरिकलाई गास, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगारी दिलाउनु सरकारको दायित्व हो,' उनले भने, 'यिनै मुद्दामा गीत लक्षित छ, कोही बेरोजगार नहोस, उत्पीडनमा पर्नु नपरोस्, राज्यले अभिभावकत्व लिइदिओस्।'

स्वदेशमा रोजगारीको अभावले अहिले पनि दैनिक सयौँ नेपाली युवा विदेश भौँतारिनुपर्ने स्थिति छ। शैक्षिक जनशक्ति पलायन पनि उत्तिकै छ। समृद्ध, समुन्नत र न्यायपूर्ण समाज र देश निर्माणमा पनि गीतले सिर्जनात्मक खबरदारी गरेको लोकगायक खत्रीले सुनाए।

म्यूजिक भिडियोमा कलाकार विनोद न्यौपाने र जुना सुन्दासले गरेको अभिनयले गीतबाट दिन खोजेको सन्देशलाई सरल तर कलात्मक ढङ्गले प्रस्तुत गरेको छ। लोकसङ्गीत क्षेत्रका चर्चित गायक/सर्जक खत्रीका यसअघि पनि सामाजिक विषयवस्तुमा आधारित कैंयन गीत सार्वजनिक भइसकेका छन्।

उनका 'भरिया दाइ', 'अन्तरजातिय विवाह', 'कि सास चाहियो, कि लास चाहियो', 'जम्मु कश्मिरमा', 'किसानी दाइ', 'आमा म मरेको छैन' लगायतका गीत स्रोता/दर्शकमाझ लोकप्रिय छन्। जिल्लाको गलकोट नगरपालिका-७ मलममा जन्मिएका खत्री दुई दशकदेखि लोकसङ्गीतमा सक्रिय छन्।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनिले चिन र भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.न. | मालवस्तुको विवरण | मोडल | उत्पतिको मूलुक/राष्ट्र | इकाई | अधिकतम खुद्रा इकाई मूल्य (MRP) |
|---|---|---|---|---|---|
| १ | Konka TV | KDL32MO 669AN | CHINA | 1 | 31,550.81 |
| २ | Konka TV | UDG55NR 672ANT | CHINA | 1 | 73,705.29 |
| ३ | Konka TV | UDL65MH 667ANT | CHINA | 1 | 83,464.82 |
| ४ | Konka Brand Washing Machine | XQG80-12B13 | CHINA | 1 | 55,854.26 |
| ५ | Konka Brand Washing Machine | XQG90-12B13 | CHINA | 1 | 61,539.67 |
| ६ | Konka Brand Chmney | KCH90 | INDIA | 1 | 18,354.50 |

**बिक्रताको नाम** : सौरभ फोटो इन्टरनेशनल। **ठेगाना** : तिनकुने, सुविधानगर, काठमाण्डौं। **प्यान नं.**: ३०००५०२७१। **फोन नं.**: ०१–४१११६३०

## साउदीमा रोजगार | कम्पनी: AGRICULTURAL COOPERATIVE SOCIETY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०७/२२ चलानी नं.: ६०१७५३४७ LT. No.: 250030

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २८ गते (12 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत पत्र नं.: १६७/०५६/०५७
सामाखुसी, काठमाडौं, फोनः ४३६०६१५, ४३६१९१६, ४३८५४९९, ४३८५६८९, ४३५३८२६
फ्याक्सः ४३६०६१६, E-mail : info@kantipuroverseas.com/kantipuros@hons.com.np

## UAE मा रोजगारको अवसर | कम्पनी : CRAVIA INC LLC
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५३९२ LT. No.:258708

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 30 | 20 | स. काममा दक्ष | 1200 | ३९,५८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २८, २९ र ३० गते (12, 13 & 14 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**G.C.D. WORLDWIDE PVT. LTD.**
Govt. Lic. No.: 519/061/062
Simangal-09, Kathmandu, Nepal
Contact : 9801399971, 9801399972, 9801399973, 9801399974
worldgcd@gmail.com

## साउदीमा रोजगार | कम्पनी : FOOD STORE TRADING COMPANY
शहर:DAMMAM

पुर्व स्वीकृत मितिः २०७८/११/१५ चलानी नं.: ६०१७५३४९ L.T. No.:253316

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २८ गते (12 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Hamdan Employment Service Pvt . Ltd.**
Gov. Lic. No. 761/064/065
Tilganga-9, Manpower Bazar, Airport, Kathmandu, Tel: 4474505, 4474506
Email: hamdan773@gmail.com | Website: www.hamdannepal.com

## Saudi मा रोजगार AAMAL KASS CO. LTD F&B SERVICES

LT No.: 250422

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Main Waiter | 02 | [illegible] | 1600 | ५१,९३१/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | [illegible] |

अन्तरवार्ता २०७८ फागुन २८ गते (12 Mar. 2022) यस प्रा. लि. को कार्यालय पुल्चोक, ललितपुरमा हुनेछ।

**यूनाईटेड ईन्टरनेशनल म्यानपावर प्रा. लि.**
पुल्चोक, ललितपुर, फोन.: ०१-५५३४११७

## QATAR मा रोजगारको अवसर | १. कम्पनी:ALDUHA MEAT TRADING.
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५३८७ LT. No.: 258701

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५६,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen Clean Worker | 1 | 0 | | 1000 | ३३,२८० | | | | | | | |

२. कम्पनी:KARAMATHS RESTAURANT शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५३८८ LT. No.: 258700

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५६,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiter | 3 | 0 | | 1400 | ४६,५९२ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, कुपण्डोल, ललितपुरमा २०७८ फागुन २८ गते (12 March 2022) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**VITAL INTERNATIONAL SERVICE PVT. LTD.**
Kupandole-10, Lalitpur, Tel: 01-5445897
Phone No.: 9801145285, 9851045755, Email: cvforvital@gmail.com
Govt. Lic.No. 949/067/068

## SAUDI मा रोजगार | १. कम्पनी :MANAFETH AL EMAAR CONTRACTING COMPANY
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५४०५ LT. No.: 258998

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 25 | 0 | स. काममा दक्ष | 1000 | ३२,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : DISTINGUISHED PLANING OPERATION & MAINTENANCE COMPANY, ONE PERSON CO. शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५४०६ LT. No.258997

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३२,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २८ (12 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**लिभरपुल एच. आर. शोलुशन प्रा. लि.**
**Liverpool H.R. Solution Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303
Mob. : 9851013724, 9851149144, 9817963472
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com

# वामीटक्सार बजारमा श्रृंखलाबद्ध चोरीका घटना, अनुसन्धान फितलो



**सागर भण्डारी/मध्यान्ह**
गुल्मी, २० फागुन

गुल्मीको मुसिकोट नगरपालिका-७ वामीटक्सार बजारमा केही समयदेखि श्रृंखलाबद्ध चोरीका घटना हुन थालेका छन् । नगरपालिकाको केन्द्र समेत रहेको वामीटक्सार बजारमा रातको समयमा पसल तोडफोड र चोरीका घटना बढ्न थालेपछि स्थानीय त्रसित बनेका छन्। गत महिना मात्रै वामीटक्सार बजारस्थित एक घरमा मध्यरातमा ढोका तोडफोड गरी लुटेराले उक्त घरमा रहेका २ वटा कार्यालय र १ वटा पसलबाट झण्डै २५ हजार नगद चोरी गरेका थिए। पल्टारमा रहेको इन्फिनिटी लघुवित्त वित्तीय संस्था र लेबल अप कन्ट्रक्सनको कार्यालय सँगै सोही घरमा रहेको एक पसलबाट उनीहरुले उक्त रकम लुटेका थिए ।

लेबल अप कन्ट्रक्सनका व्यवस्थापक अर्जुन सापकोटाले सिसी क्यामेरा बन्द भएको मौका छोपेर चोरी भएको बताए । यो घटनाको दोषी पत्ता नलाग्दै पुनः बिहीबार राति लुटेराले बजारका आधा दर्जन पसल तथा धार्मिक स्थलहरु तोडफोड गरी नगद चोरी गरेका छन्। पल्टारमा रहेको श्रेष्ठ स्टेशनरीबाट उनीहरुले घरको ताला फोडेर झण्डै ३० हजार तथा अन्य विभिन्न स्थानबाट गरी झण्डै ४५ हजार चोरी गरेको प्रहरीले जनाएको छ ।

मुसिकोट नगरपालिका वडा नं ७ का वडाध्यक्ष प्रकाश काफ्लले विगत केही समययता वामीमा चोरीका घटना बढेको र यसले सुरक्षामा चुनौती थपेको बताए । चोरी नियन्त्रणमा प्रहरी संवेदनशील नबनेको काफ्लको गुनासो छ । 'घटनाका प्रकृति हेर्दा चोरीमा पशेवर गिरोह नै सक्रिय भएको देखिन्छ, प्रहरीले अनुसन्धान गरिरहेको भनिए पनि अहिलेसम्म खास उपलब्धि देखिएको छैन',वडाध्यक्ष काफ्लेले भने। घटनामा संलग्नलाई कानूनी दायरामा ल्याउनका लागि जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयलाई गम्भीर भएर लाग्न नगरपालिकाको तर्फबाट आग्रह गरेका छौँ ।

यी त चोरीका पछिल्ला प्रतिनिधि घटना मात्रै हुन् । विगत एक वर्षलाई हर्ने हो भने वामीमा चोरीका श्रृंखलाबद्ध घटना भएका छन् । नगद, गरगहना, महंगा वस्तुलगायत गरी लाखौँको लुटपाट भएको छ । अघिल्लो वर्ष टारस्थित एक पसलबाट मोटरसाइकलनै चोरीको प्रयास भएको थियो ।

व्यक्तिका घरदेखि पसल, मठमन्दिर र सहकारीसम्म गरी दर्जनौं ठाउँमा चोरी भएको छ । लगातारजसो चोरीका घटना हुँदा पनि लुटेरा पक्राउ पर्न सकेका छैनन्। प्रहरी अनुसन्धान सोधपुछमै सीमित छ। कतिपय घटनामा त प्रहरी पुग्नै सकेको छैन । पीडित र स्थानीयवासीले भने प्रहरी अनुसन्धान फितलो भएको भन्दै आक्रोश व्यक्त गरिरहेका छन् ।

बिहीबार भएको घटनामा बजारस्थित सागर स्टोर्सको सिसी क्यामेरामा कैद भएका लुटेरा नकापधारी जस्तो देखिएको सञ्चालक कृष्ण सापकोटाले जानकारी दिए । उनले बारम्बार हुने यस्ता चोरीका घटनाले सुरक्षा संवेदनशीलतामा प्रश्न चिन्ह खडा गरेको बताए ।

प्रहरीले अनुसन्धान गरिरहेको भनिए पनि अहिलेसम्म खास उपलब्धि देखिएको छैन् । श्रृंखलाबद्ध रुपमा चोरीका घटना हुँदा वामीटक्सार बजार क्षेत्रको सुरक्षा प्रबन्धमै गम्भीर प्रश्नहरु उब्जिएका छन्। मानिसहरुमा त्रास छ । असुरक्षा बढेको छ ।

वामीटक्सार प्रहरी चौकीका सई हरि ओलीले चोरीको घटनामा स्थलगत अनुसन्धान गरिएको बताए। उनले मजुवामा पनि यस्तै किसिमको घटना भएको जानकारी आएकाले दुबै घटनामा एउटै व्यक्ति संलग्न भएको आशंका गरिएपनि जिल्लामा आफुले खबर गरेको र अनुसन्धान पछि अपराधी पत्ता लाग्ने विश्वास व्यक्त गरे । सिसी क्यामेरामा कैद दृश्य अस्पष्ट भएकाले पनि अनुसन्धान जटिल बनेको प्रहरीले जनाएको छ ।

चोरीलगायत अपराध न्यूनीकरणमा समुदायको पनि सहयोग चाहिने उनले बताएका छन्। स्थानीयबासीले भने प्रहरीले बजार क्षेत्रमा रात्रिकालीन गस्ती शुरु गर्नुपर्ने बताए । स्थानीय व्यवसायी रामु घिमिरेले केही समययता लगातार भइरहेका यस्ता घटनाले त्रास पैदा गरेको भन्दै प्रहरीले राति गस्ती गर्नुपर्ने बताउँछन् ।

**QATAR मा रोजगारको अवसर** | कम्पनी : MASSKAR STORE, शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५३८० LT. No.: 258786

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४९,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 2 | 0 | | 1000 | ३३,२८० | | | | | | | |
| 3. | Porter | 7 | 0 | | 1300 | ४३,२६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २८ गते (12 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DHRS
**Deluxe HR Solution (P.) Ltd.**
Lic. No.: 956/067/068
बिजुलीबजार पुल नजिक, काठमाडौं, फोन : ०१-५१७२६८४,
Email: deluxehrsolution@gmail.com

**कतारमा रोजगारको अवसर** | कम्पनी : CONSULTANTS FOR SERVICES & CAR WASH & CONTRACTING, शहर: Doha

पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५३९६ LT. No.:258996

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 28 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४६,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor | 5 | 0 | | 2500 | ८३,२०० | | | | | | | |
| 3. | Incharge Resp | 2 | 0 | | 2300 | ७६,५४४ | | | | | | | |

**साउदीमा रोजगारको अवसर** | कम्पनी : ATHAWAQA BIRYANI RESTAURANT, शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५३९६ LT. No.: 258885

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chief Assistant | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २८ गते (12 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**इलान इन्टरनेशनल प्रा. लि.**
Govt. Lic. No. 204/057/058
सामाखुसी, रिङरोड, काठमाडौं, फोनः ४३८८४९३, ४३५७८५२, ४३८७८१५, फ्याक्सः ४३५२४४३
Email: elaninternational204@gmail.com, Web.: www.elaninternational.com.np
Mobile: 9801023106, 9803518200, 9851033221, 9851117653, 9851017234
9851314892, 9851093611, 9841194397, 9842101326, 9851039611

# दशरथचन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खलंगा, गढी बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७८/११/२१ गते**

यस कार्यालयमा तपशिलमा उल्लेखित खरिद कार्यको लागि प्रकाशित सूचना बमोजिम नियमानुसार म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावकारी भई स्वीकृतिका लागि छनौट भएकाले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का न. | कामको विवरण | स्वीकृत फर्मको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| NCB/DCM/BAITA-DI/02/2078-79 | Construction of Multipurpose Complex Building | New Draigan/FutureLand JV, Koteshwor,Kathmandu | 3,74,03,668.45 |

**बिक्रम बहादुर चन्द**
**प्रमुख प्रशासकीय अधिकृत**

**Provincial Government**
**SudurPaschim Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Achham**

## Letter of Intent

**Date of publication: 2078/11/21**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No: | Name Of Project | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price (including PS & VAT) |
|---|---|---|---|
| IDO/ACHAM/NCB/W/R/24/2078-079 | Construction and Upgrading of Chaukutte-Duni-Patal- Sadak, Achham | Chandika/Royal C.B JV Dhangadi-02, Kailali | **39,12,717.42** |
| IDO/ACHAM/NCB/W/R/25/2078-079 | Construction and Upgrading of Chaukutte-Chaurpati- Sadak, Achham | New Nepal Nirman Sewa Pvt. Ltd. , Sanfebagar -03, Achham | **14,40,112.94** |
| IDO/ACHAM/NCB/W/R/26/2078-079 | construction and upgrading of Chisapani jangalghat giritand-kalagaun-malika sadak Achham | SH Construction Martadi Bajura | **3557575.87** |

Senior Divisional Engimeer
IDO Achham

**साउदी र कतारमा रोजगार**

१. कम्पनीः SAUDI AIRLINES CATERING COMPANY. शहरः JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५४०३ LT. No.: 259000

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Catering Assistant | 80 | 0 | स. काममा दक्ष | 1200 | ३८,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः FARA'ID AL AAMAL OPERATION AND MAINTENANCE COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५४०१ LT. No.: 259003

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Building Cleaning Worker | 9 | 0 | स. काममा दक्ष | 1000 | ३२,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः SAUDI AIRLINES CATERING COMPANY. शहरः JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५४०० LT. No.: 259002

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,२०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | chef assistant | 20 | 0 | | 2500 | ८०,७२५ | | | | | | | |
| 3. | waiter | 50 | 0 | | 2300 | ७४,२६७ | | | | | | | |

४. कम्पनीः SAUDI AIRLINES CATERING COMPANY. शहरः JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५४०२ LT. No.: 259001

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 20 | 0 | | 1800 | ५८,१२२ | | | | | | | |

५. कम्पनीः AAYAN REAL ESTATE COMPANY शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५३९७ LT. No.: 258985

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनीः MALZAMAT QATAR WLL शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५३९९ LT. No.: 258872

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 2 | 0 | स. काममा दक्ष | 2500 | ८३,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ फागुन २८ गते (12 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

LUCKY H.R. Solution Pvt. Ltd.
**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com

**KUWAIT को LANDMARK GROUP मा महिला तथा पुरुष Sales Man/Girl हरुलाई रोजगार**

centrepoint babyshop max homecentre SHOEMART Emax lifestyle shoexpress

कम्पनी : Landmark Central Market Co. WLL
पूर्व स्वीकृत मितिः २०७८/०७/२६ चलानी नं.: ६०१६८३७२ L.T. No.: 250492 शहरः Omariya

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Associate | 69 | 44 | स. काममा दक्ष | 170 | ६७,९१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अंग्रेजी राम्रो सँग पढ्न लेख्न र बोल्न सक्ने र उमेर २१ वर्ष पुरा भई ३५ वर्ष ननाधेको हुनुपर्नेछ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २७ गते (11 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Crown Employment Consultant Pvt. Ltd.**
श्रम इजाजत नं. २३५/०५८/०५९
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4426566
Mob.: 9801154534/ 9803265345/ 9801428705
Email: admin@crown.com.np / www.crown.com .np

**साउदीमा रोजगार** | कम्पनी : STAR SQUARES COMPANY LTD. शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५४१४ LT. No.: 259068

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 10 | 0 | स. काममा दक्ष | 2300 | ७४,२७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ फागुन २८ गते (12 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सेफल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इ. पत्र नं. ७६७/०६४/०६५
Office Address : Gongabu, Townplanning-26 Kathmandu, Nepal.
Tel No.: 4380116, 4380115, 4353651 | Mobile No.: 9813199445
चिकेन प्रोसेसिङ्ग कम्पनीको लागि पनि कामदारहरूको माग भएकोले इच्छुकले परामर्शको लागि सम्पर्क गर्नुहोला ।

**UAE मा रोजगारको अवसर** | कम्पनीः SECURIGUARD MIDDLE EAST शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०७८/०६/१२ चलानी नं.:६०१६४२०४ L.T. No.: 247079 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 292 | 69 | स. काममा दक्ष | 2000 | ६५,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २८ देखि ३० गते सम्म (12 to 14 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.**
Lic No. 689/063/064
सामाखुसी-०३, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं,
फोनः ४३८४८३२, ४३८४८३३, फ्याक्स : ४३८४१८९
मो.: ९८४१४२२१८८, ९८०३५९१९५७, ९८६९२४४०००, ९८१८८५६६५५, ९८१३१७२६२३, ९८०८१९०६८१

**कतारमा रोजगारको अवसर** | कम्पनी : D VILLA RESIDENCE शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५४१८ LT. No.: 258897

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४९,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 0 | 4 | | 1000 | ३३,२८० | | | | | | | |
| 3. | Waiter | 5 | 5 | | 1400 | ४६,५९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २८ गते (12 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com

कथा

# आफ्नैबाट बेचिएकी ठुली

“मेरी छोरी” भनेर बिमलाले ठुलीलाई झ्याप्पै अँगालो हालेर रोइन् । एकक्षणपछि उनी अघिको तस्बिर लिएर बाहिरिइन् र मझेरीमा भित्तामा टाउको ठोकेर धेरैबेर रोइ रहिन् । आमाले किन यसो गर्दैछिन्, ठुलीले केहि बुझिनन् ।



■ खेमलाल पहारी

चैत्र महिनाको दोश्रो साता मोतीराम मा.वि.मा वार्षिक परीक्षा चलिरहेको थियो । निरीक्षक नपरेका शिक्षक शिक्षिकाहरु विद्यालयको चौतारोमा बसेर अघिल्ला दिनका उत्तर पुस्तिकाहरू परिक्षण गर्दै थिए । एकजना मास्टर साबले फ्यात्त कपिहरु भूँईमा फ्यालेर आफ्नो अगाडि रहेको गोरखापत्र उठाएर पढ्न थाले । “बम्बैको एउटा कोठीबाट आठ जना नेपाली चेलीहरुको सकुशल उद्धार, उनीहरुको उद्धार भारत-नेपाल मैत्री संघको सहयोगमा भई हाल विरगञ्जस्थित माइती नेपालको सरणमा राखिएको छ । सबै चेलीहरु हालसम्म परिवारसँग सम्पर्क बिहीन छन् । उनीहरूको पुनरोत्थानको लागि माइती नेपालद्वारा विभिन्न सरकारी गैह्रसरकारी संघ संस्थाहरुसंग सहयोगको अपिल गरिएको छ ।”

“ए फोटोसमेत दिएको रैछ गाँठे । हेर्नुस् हेर्नुस् पौडेल सर, चिनेको क्वै छ कि ?” एउटा बोले ।

“हा... के हेर्नु ? पत्रिकैबाट एड्सका जीवाणु सरे भने, होसियार है माड्साब”, अर्काले जिस्क्याए ।

पत्रिका भूईंमा खस्यो । पानी लिएर आएको पियनले निहुरिएर त्यसलाई टिपे । एकक्षण घोरिएर हेरेपछि उनले अत्तालिएर भने, “नपढेकालाई काला-अक्षर भैंसी बराबर भन्छन् तर, मैंले तस्बिर चैं पढें है, ल हेर्नुस् त यी यहाँ”, उनले घुर्मैला तस्बिरको एक छेउमा हातको चोरी औंला फिराउँदै भने, “यीनी हाम्रै माझगाउँका काहिँला बाकी हराएकी नातिनी ठुली हैनन् त ?”

को ‘ठुली’ भन्दै एकजनाले पत्रिका हातमा लिए ।

“बिपना क्या” भन्दै अर्काले झुकेर हेरे ।

एकक्षण “ए, हो हो !, हैन होला !, खै खै !” जस्ता ध्वनि मात्र सुनिए । वरपर रहेका ठुलीनानी र काहिँलाबाको परिवारलाई चिन्ने र नचिन्ने सबैले पत्रिकाको तस्बिर हेरे र मिश्रीत प्रतिक्रिया दिए । गोरखापत्रको एक कुनामा एक झिल्को आगो सल्काएपछि पियन गायब भए । विस्तारै पत्रिकाको आगो सल्केर चौतारो दन्दनी बल्न थाल्यो । एकैक्षणमा चैत्रको हावासँगै दन्कन सुरु गरेको आगोले विद्यालयको कार्यालय, चीयाघर, साझाघर, पुस्तक पसल, सार्वजनिक फोनघर, कुटानी पिसानी मिल, किराना पसल आदि हुँदै पुरै गाउँनै खरानी बनायो ।

यता स्वाँ स्वाँ फ्वाँ फ्वाँ गर्दै काहिँला बा-आमा र उनका दुई छोराहरु पियनको पछि पछि डढेलो निभाउन आए । आगो गोरखापत्रबाटै सल्केको थियो तर, त्यो अझै डढेको थिएन तर त्यसको आगोको रापले बुढा बुढी तत्कालै मुर्छा परे । छोराहरु पुर्पुरोमा हात राखेर रुन थाले भने अरुहरु नजिकै गाँडाघेर लागेर काहिँला बाको भाग्यमा ग्रहण लागेको टुलुटुलु हेर्न थाले ।

कसैले प्वाक्क बोल्यो, “के को उद्धार हुनु, उद्धार सुद्धार केही पनि होइन ! आजसम्म बम्बैमा बेचिएपछि कसैले कसैको उद्धार गरेको छ ? नेपालको भ्यालखाना हो र बम्बैको कोठी भित्ता फोरेर, सुरुङ्ग खनेर भाग्नलाई ? एक होइन दुई होइन; आठ/आठ जना फिर्ता आउने भनेको चानचुने कुरा हो ? सल्कियो होला एड्स सेड्स अनि दुधमा परेको माखो, फ्याल्दीई होली कोठीकी बाईले । यो पुनरोत्थान भनेको सरकारले विदेशीसँग भिक्षा माग्ने तरिका मात्र हो । नाकको टुप्पामा लाज नभएकाहरुले अब एड्स रोगीलाई गाउँमै ल्याउने होलान् अनि त कतिलाई पो शीकार बनाउने हो बेसरमले । बरु घर आउनु भन्दा त उतै हत्ते गरेर मरेकै बेश ।” कोही केहि बोलेनन् ।

दिनहरू फेरिँदै गएसँगै माझगाउँलेहरूमा काहिँलाबाको परिवारलाई हेर्ने नजरपनि फेरिए । बिस्तारै पानी-पँधेरो, घाँस-दाउरा, जात्रा-पर्व, भारा-पर्म आदि सामाजिक कार्यमा काहिँलाबाको सम्पूर्ण खलक एक्ल्याइन थालियो । सबै आफन्तहरूले आँखा चिम्लिए । कान्छीले पनि घटना घटेकै दिन पछिका बाँकी परीक्षामा सामेल हुन सकिनन् । उनीहरुले धेरै पटक यो विपत्ति थाम्न सान्नानीलाई सम्पर्क गर्न खोजे तर, कसैको केही जोर चलेन ।

भित्तामा टाँगेको भित्ते पात्रो फेर्ने दिन आउनै लागेको थियो तर, काहिँलाबाको घरमा नयाँ पात्रो किन्न जाने अदम्य साहस कसैको थिएन । अझै पनि गाँठिकुरा पत्ता लागेको थिएन र मूल सडकको पुलिस चौकीमा पुगेर कुरा बुझ्ने वा फिराद गर्ने हिम्मत पनि परिवारले जुटाउन सकेको थिएन । तर एकदिन मध्याँन्हमा काहिँला बा तल बेँसीमा गहुँका नलमा आगो लगाउँदै थिए । परबाट दुइजना प्रहरीका जवान उनी भएतिर आए । एउटा नजानिँदो डरले बुढाको छाती ढक्क फुल्यो । उनिहरु नजिकै आएर उनकै नाम लिएर चिन्नुहुन्छ भनेर सोधे । बुढाले काहिँला बा भन्ने माझगाउँको द्रोण प्रसाद शर्मा भनेको मैं हुँ भने । एउटा जवानले खल्तीबाट हत्केला भरिको नारी तस्बिर निकालेर यीनलाई चिन्नुहुन्छ ?



> “पत्रिका भूईंमा खस्यो । पानी लिएर आएको पियनले निहुरिएर त्यसलाई टिपे । एकक्षण घोरिएर हेरेपछि उनले अत्तालिएर भने, “नपढेकालाई काला-अक्षर भैंसी बराबर भन्छन् तर, मैंले तस्बिर चैं पढें है, ल हेर्नुस् त यी यहाँ”, उनले घुर्मैला तस्बिरको एक छेउमा हातको चोरी औंला फिराउँदै भने, “यीनी हाम्रै माझगाउँका काहिँला बाकी हराएकी नातिनी ठुली हैनन् त ?”

भन्दा बुढाका आँखा चम्किए र तुरुन्तै निधारमा गाँठा परे । बिचरी ठुली ! कालो लामो केश ठुटे गरि काटेर भड्डु जस्तो देखिएको, शरीरका कपडा उतारेर पाइन्ट र टि-शर्ट लगाइएकी, हात्तीका दाह्रा जस्ता सुन्दर डोला पाखुरामा ठाउँ ठाउँमा काला काला दाग लागेका, पोहर सालसम्म भर्खरै फक्रेको गुलाब जस्तो अनुहारको चमक आज बमको छर्राले उडाएको जस्तो थियो । काहिँलाबाका आँखा भरिएर आए, गला अवरुद्ध भयो । उनले दुवै हातले आफ्नो कपाल समाउँदै तस्बीर आफ्नै नातिनी ठुलीको भएको, उनले गत वर्ष कुनै नौलो मान्छेसँग भागेर प्रेम विवाह गरेकी भन्ने सुनेको तर, आजसम्म कुनै खबर नआएको बताएपछि पुलिस जवानले उनी भेटिएको र कहाँ छिन् भन्ने कुरा बताई दिए । उनको कुरा पत्रिकाको कुरासँग पुरै मेल खायो । काहिँलाबा एकपटक डाँको छोडेर रोए तर, पत्रिकामा देखेको कुरा भन्न सकेनन् । “लौ परिवारसँग सल्लाह गरेर भरे भोलि तल चौकीमा उजुर गर्न आउनु होला” भनेर ती जवानले बुढालाई एउटा पत्र थमाए अनि त्यस्तै अर्को कागजमा बुढाको सहिछाप लिएर चौकितिरै फर्के । बुढा साँझपख घर पुगे ।

घरमा छोरा-बुहारीसँग ठुलीको बारेमा पुलिसले बताएको कुरामा लामो छलफल भयो । ठुलीलाई घर ल्याउने वा उतै छोड्ने भन्ने कुरामा त झन्डै झन्डै हात हालाहालको स्थिति देखा पऱ्यो । जेठाले सुटुक्क ल्याएर भित्रै राख्ने कुरामा जोड दिए भने कान्छा कान्छीले कान्छीनानी र परिवारका अरु सन्तानको भविष्यलाई ख्याल गरेर उसलाई बिर्सनु बेश हुने कुरामा जोड दिए । ठुली बुहारीले ठुली नानीलाई सहरमै डेरा लिएर कुनै इलम सिक्न लगाउने र पछि उनको स्वास्थ्य परीक्षणको प्रमाण आएपछि मात्र के गर्ने भन्ने कुराको निर्णय लिनु उत्तम ठानिन् । “हाम्लाई सोधेर पोइल गइथी र अहिले त्यसको लागि हामी सबै गाउँ छिमेकीबाट एक्लिनु पर्ने ? उतै मर्न दिए हुन्छ”, कान्छी बुहारीले के भन्न भ्याएकी थिइन्, “दिन दशा सँधैं हामीलाई मात्र लाग्छ ? के तँलाई कहिल्यै रुनु पर्दैन ?” भनेर बिमलाले झन्डै देउरानीका जगल्टा केलाइनन् । त्यसपछि उनीहरुको बसाइ बिना निष्कर्ष टुंगियो ।

आफ्नो कोखको घाउ चर्किंदा आफैलाई मात्र दुख्दो रहेछ । बिमलाको कोखको घाउ नराम्ररी बल्झिएको थियो । त्यसको उपचारमा उनी आफैँ तातेर भोलिपल्ट सबेरै हिडिन् । मूल सडकको प्रहरी चौकीमा आवश्यक कुरा बुझेर उनी सिधै विरगञ्ज जाने बसमा चढीन् ।

विरगञ्जस्थित माइती नेपालको कार्यालयमा पुलिस र अधिकारकर्मीहरुको एक सय आठ यक्ष प्रश्नका जवाफ दिँदा दिँदा, रुँदा कराउँदा र चेलीबेटी बेचबिखनविरुद्ध जनचेतना मुलक तालिम लिँदा, ठुलीको रगत परीक्षणको नतीजा कुर्दा एकहप्ता यसै लाग्यो । पैताला मुनिको जमिन भासिने गरि ठुलीको स्वास्थ्य परीक्षाको नतीजा आयो । पहिरोसँगै एक वर्ष देखि बिछोडिएका माउ र चल्लाको भेट गराईयो । घर छोडेको आठौँ दिनको राति बाह्र एक बजे दुइटा काला काला मानव आकृति मूल सडक चौकी, साल्टारी खेत, गौंडो र ठुलो ढुंगा टेक्दै काहिँलाबाको आँगनमा आएर अडिए ।

“तँ खोपीमा बस्चेस् कि गोठमा ?” “भो भो खोपीमै बस् । सँधै तीन बजे उठेर नुहाई धुवाई गर्नु त्यसपछि खोपीमै बस्नु । तेरो थुतुनो गाउँको कसैले पनि नदेखोस् । तँ घर आएको कुरो कसैले चाल नपाओस् । “बिमलाले यति भनेपछि दुबैजना पिँढीको खोपीमा पसे ।

एकदिन ठुलीले झोला धुँदा एउटा छोरा मान्छेको तस्बिर धारामा छोडिछ ।

“ए राँडी, तलाईं यो फोटो कसले दियो, हँ ? यो फोटो काहाँ पाईस्, ए नकचरी ?” बिमला च्याठीईन, ठुली केही बोलिन । दिउँसो एउटा रोटी खोपीको ढोकाभित्र हुऱ्याउँदै बिमलाले बिहानको तस्बीरको बारेमा फेरि सोधिन् । “म कोठी छोडेर हिँड्नु अगाडि कोठीको पालेले दिएको; यो तिम्रो ज्वाईं हो”, ठुलीले रुँदै भनी ।

“हाम्लाई पनि थाछ ! तर ज्वाईं त्यहाँ कसरी पुग्नुभो अनि किन दिने पालेले तँलाई वहाँको फोटो ?”

“मलाई बेच्ने गिरोहको नाइके उही रहेछ आमा ! मेरो श्रीमान्, तिम्रो ज्वाईं !” बिमला दुवै हातले कान थुन्दै थ्याच्च भुईमा थेचारिइन् र रुँदै भनिन्, “के यो तेरो श्रीमान् हो ?”

“भर्खरै भनेकी हैनौ, आमा, हाम्लाई पनि थाछ भनेर ?” ठुलीले प्रतिप्रश्न गरिन् । “हो त यो मेरै लोग्ने तर, हिँड्ने बेलामा थाहा पाएँ दलालको नाईके रहेछ, साला रण्डो ! एकपटक मात्र भेट्न पाए मेरो शरीरको सबै रगत त्यसैलाई सुइ लगाएर मर्थें ।”

“मेरी छोरी” भनेर बिमलाले ठुलीलाई झ्याप्पै अंगालो हालेर रोइन् । एकक्षणपछि उनी अघिको तस्बिर लिएर बाहिरिइन् र मझेरीमा भित्तामा टाउको ठोकेर धेरैबेर रोइ रहिन् । आमाले किन यसो गर्दैछिन्, ठुलीले केही बुझिनन् ।

कविता

## भ्रूण



**किशोर कोइराला**, सुनसरी

आत्माले आत्मालाई
आत्मैदेखि स्पर्ष गरेपछि,
परम् आनन्दको महासागरमा
छल्किरहेका छालहरूमा
प्रतिबिम्वित हुन खोज्दै
पूर्णिमाको जूनले
क्षितिजबाट चिहाउनु अघि नै
ज्वारभाटाहरू उचालिन
र पछारिन थाल्छन् !
अनि एक निमेषमै
हज्जारौ बिजुलीको तरङ्गभन्दा
तेज गतिमा तरङ्गित भएका
छालहरूले धक्का हान्दै
निर्दोष किनारालाई
जब जबर्जस्ति पर धकेल्न थाल्छन् ।
हो त्यसैबेला
पृथ्वीको गर्भमा
एउटा बिन्दुभन्दा धेरै सूक्ष्म
करोडौ भ्रूणहरूको विजारोपण हुन्छ ।
जव ती भ्रूण
गर्भको अन्तस्करणभित्र
पुष्पित र पल्लवित हुँदै
क्रमशः पृथ्वीको आकार लिन थाल्छन्
ठीक त्यसैबेला
निर्जिव, बन्जर र स्खलित मनहरू
गर्वका साथ निमोठ्न थाल्छन्
पृथ्वीको गर्भभित्र
भर्खरैमात्र सिँचित भएका
असंख्य भ्रूणहरूको
अस्तित्वलाई !
तर ति निर्जीव र बञ्जर मनहरूलाई के थाह,
पृथ्वीले
फगत उज्यालो पुर्णिमामा मात्र होइन,
निष्पट्ट औँशीमा पनि
गर्भधारणगर्ने सामर्थ्य राख्छ,
यस ब्रम्हाण्डमा
आफ्नो अस्तित्व रक्षाका लागि
करोडौँ भ्रूणहरूको
संरक्षण गर्दै ।

## गजल



**अच्युतमान सिंह प्रधान 'उत्सुक'**

मेरो नयनबाट अनायाश आज किन साउनको भेल उर्ली रहेछ ?
मेरो हृदयमा आज किन, ज्वालामुखी बिष्फोटन भई रहेछ ?

भेल रोक्न खोजे मैले कति, सहानुभुतिको बाध बनाएर ।
जलन बुझाउन खोजे मैले कति, दुःख पिडाको हलाहल बिष पिएर ।

बाध फुटेर गयो आखिर, सन्तापको चरम सिमामा पुगेर ।
जलन शान्त भई गयो आखिर, मेरो देहलाई खाक बनाएर ।

## तीन मुक्तक



**प्रमोद भट्टराई 'प्रतीक'**, भक्तपुर

१.
भाग्य भन्ने पनि कहिले काहीँ त निकै मनकारी भैदिन्छ ।
कहिले महलमा पुऱ्याउँछ कहिले छाप्रोमा पछारी दिन्छ ।
आफू भाग्यमानी रहेछु भनेर फुर्ती लाउनु पनि बेकारै हो ।
कसैलाई थाहा हुँदैन कुनबेला के कुरामा लोपारी दिन्छ ।

२.
कठोर ढुंगासँग भन्दा उर्वर माटोसँग आस हुन्छ ।
जुन हृदय कोमल हुन्छ त्यसैमा प्रेमको बास हुन्छ ।
मिलनको पहिलो भेट त दुरी मेटाउनलाई मात्रै हो ।
भावनाले मिल्नसके मात्रै सँधैभरि मधुमास हुन्छ ।

३.
शक्तिको सामर्थ्यले आखिर जुधाएरै छाड्ने भयो ।
हिजो जोडिएको थियो घाँटी छुटाएरै छाड्ने भयो ।
नामर्दको जोई जस्तो बन्यो देश, बाह्य षडयन्त्रले ।
मर्द ठानिएका पोइहरूलाई झुकाएरै छाड्ने भयो ।

लघुकथा

**अम्बिका धिताल**, काभ्रेपलाञ्चोक



# खुसी

मदनले भन्छन् “अँ...तर त्यो त महिलाले गर्ने काम हो नि ।” सुमन केही झोँक्किएर बोले, “त्यही साघुँरो सोचले त घरमा किचलो हुन्छ । कहाँ लेखिएको छ, महिलाले मात्र गर्ने भनेर ? त्यस्तो सोच लिने हो भने तँ खुसी हुन सक्दैनस् । हामी त सँगै उठ्छौँ, मिलेर काम गर्छौं, दुबैको सल्लाह र सहमतिमा निर्णय गर्छौं, त्यसैले हामी खुसी र सुखी छौँ । अब जे गर्छस् तेरै इच्छा भाइ ।”

“आज पनि मदनको घरमा झगडा परेछ । बुढीचाहिँ रुँदै घरबाट निस्किएर गई रे ।” सुमनले बुढीलाई सुनाए ।

“किन सधैँ कलह मात्र हुन्छ तिनीहरुको घरमा ? त्यति कलिला बालबच्चा छन् ? बुढी नभएपछि घरको सारा काम मदनले कसरी भ्याउँछन् ? कता गइन् होली बुढी ? दुःख, पीडा र मनमा चोट नपरी त कसैले घर छोडेर हिँड्दैन त के भएछ ?” रुपाले जिज्ञासा राखिन् । सुमनले भने, “दुबै आगो आगो भएर हो, एउटा आगो अर्को पानी भएको भए किन यो अवस्था आउँथ्यो र !”

कुरा गर्दागर्दै मदन टुप्लुक्क आइपुगे र निन्याउरो मुद्रामा भने, “दाइ घरमा ठाकठुक भयो, बुढी घरमा छैन । सबैले हजुरको परिवारको चर्चा गर्छन् । कति मिलेका बुढाबुढी भन्छन् । कतिखुसी हुनुहुन्छ तपाईहरू दुबैजना ? केहो त्यसको रहस्य ? मेरो त भाग्य नै खोटो हो कि, बुढीलाई कहिल्यै खुसी राख्न सकिएन । आज म तपाईंहरूबाट त्यो कुरा सिक्न आएको, जुन कुराले हाम्रो परिवार पनि तपाईंको जस्तै हाँसीखुसी रहन सकोस् ।”

मदनको कुरा सुनेर सुमनले भने, “चिन्ता नगर भाइ सब ठिक हुन्छ । भन् आज घरमा खाना कसले बनायो ?”

“कहाँ खाना बनाउनु दाइ त्यही निहुँमा झगडा भयो । म बजार गएर आउँदा बुढी घाँस काटेर आइपुगेकी रहिनछे । मैंले किन भात पकाउन ढिला गरको केटाकेटी भोकाइसके, आफूलाई पनि भोक लागिसक्यो भनेको जवाफ फर्काइहाली । अनि मैले !”

“हो यही नै तेरो ठुलो कमजोरी भयो भाइ ।”

“कसरी कमजोरी हुन्छ ? समयमा खाना नपकाउनु उसकै कमजोरी हो नि ।” मदन भन्दै थिए ।

“हेर् मदन, उसको कुनै कमजोरी छैन । के उसले तैंले जसरी बजारमा गएर नानाथरी गफ ठोक्दै चियाको चुस्की लगाएकी छ र ? बिहान चार बजेदेखि उठेर घरको लिपनपोतन, गाईभैंसी कुँडोपानी सारा काम गरेर घाँस काट्न जाँदा तँ चाहिँ ओछ्यानमा नै चिया पिएर बुढीले ठिक्क पारेको दुधको क्यान झुन्ड्याउँदै बजार गएको तीन घन्टा पछि भात पाकेन भन्दै आउँछस् । बुढीको ठाउँमा आफू बसेर हेर् त कति गाह्रो छ उसलाई ।”

मदनले भन्छन् “अँ...तर त्यो त महिलाले गर्ने काम हो नि ।”

सुमन केही झोँक्किएर बोले, “त्यही साघुँरो सोचले त घरमा किचलो हुन्छ । कहाँ लेखिएको छ, महिलाले मात्र गर्ने भनेर ? त्यस्तो सोच लिने हो भने तँ खुसी हुन सक्दैनस् । हामी त सँगै उठ्छौं, मिलेर काम गर्छौं, दुबैको सल्लाह र सहमतिमा निर्णय गर्छौं, त्यसैले हामी खुसी र सुखी छौं । अब जे गर्छस् तेरै इच्छा भाइ ।”

## एनएसएल अक्सन

# भरत, अभिषेक र नवयुग बिकेनन्



मध्यान्ह संवाददाता
काठमाडौं, २० फागुन

दोस्रो संस्करणको नेपाल सुपर लिग (एनएसएल) को लागि खेलाडी किनबेच (अक्सन) सकिएको छ । आयोजक नेपाल स्पोर्टस् एण्ड इभेन्ट म्यानेजमेन्टले आयोजना गरेको अक्सनमा २ सय ४२ खेलाडी सहभागी भएका थिए । एनएसएलको दोस्रो संस्करण चैत २६ देखि जेठ ७ गतेसम्म आयोजना हुनेछ ।

अक्सनमा विभिन्न १० फ्रेन्चाईज टोलीले खेलाडी अनुबन्ध गरेका छन् । अक्सनमा अघिल्लो सिजन एफसी चितवनका मार्की खेलाडी भरत खवासलाई कुनै पनि टोलीले बोलकबोल गरेनन् । ए क्याटोगोरीमा रहेका भरत र नवयुग श्रेष्ठको न्यूनतम मुल्य १ लाख ५० हजार रुपैयाँ र अधिकतम मुल्य ३ लाख ५० हजार रहेको थियो । तर कुनै पनि टोलीले उनीहरुमाथि बोली लगाएनन् ।

त्यस्तै ए क्याटोगोरीमै रहेका थ्री स्टार क्लबका कप्तान विक्रम लामा र लिग विजेता मच्छिन्द्र फुटबल क्लबका स्ट्राइकर अभिषेक रिजाललाई भित्राउन कुनै क्लब इच्छुक देखिएनन् । अभिषेकले गत सिजन बुटबल-लुम्बिनी एफसीबाट खेलेका थिए । ए क्याटोगोरीमै रहेका राष्ट्रिय टोलीका स्ट्राइकर सुमन लामा प्रारम्भिक चरणमा अनसोल्ड रहे पनि विस लिस्टबाट न्यूनतम मुल्य १ लाख ५० हजार रुपैयाँमा काठमाडौं रेजर्समा अनुबन्धन भए ।

अक्सनका लागि नाम दर्ता गराएका २ सय ४२ खेलाडीलाई तीन क्याटोगोरीमा विभाजन गरिएको थियो । जसअन्तर्गत ए क्याटागोरीमा ४९, बी क्याटागोरीमा १ सय १ र सी क्याटागोरीमा पनि १ सय १ खेलाडीहरु रहेका थिए ।

## एकदिवसीय मान्यता जोगाउने चुनौती

**काठमाडौं/मस-** युएईमा हुने आईसीसी विश्वकप क्रिकेट लिग टु का लागि नेपाली राष्ट्रिय टिमको बिदाइ गरिएको छ । शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा खेलकुद मन्त्री महेश्वर गहतराजले नेपाली टिमलाई बिदाइ गरे । नेपाली टिम शनिबार श्रीलंका प्रस्थान गर्दै छ । नेपालले श्रीलंकामा केही अभ्यास खेल खेल्ने तालिका रहेको छ । नेपाल श्रीलंकाबाटै युएई जाने कार्यक्रम रहेको छ ।

त्रिकोणात्मक सिरिजका लागि नेपालबाट १६ खेलाडीलाई अन्तिम सूचीमा राखिएको छ । बिदाई कार्यक्रममा मन्त्री गहतराजले खेल क्षेत्रको बिकासका लागि सरकार गम्भीर भएर लागिरहेको बताए। उनले नेपाललाई अन्तराष्ट्रिय जगतमा चिनाउने विधा खेल क्षेत्र नै भएको भन्दै यस क्षेत्रलाई बलियो बनाउदै अघि बढ्ने धारणा राखे ।

त्यस्तै नेपाली राष्ट्रिय टीमका कप्तान सन्दीप लामिछानेले नेपाली टिमले राम्रो तयारी गरेको जानकारी दिए । यसअघि देखिएका कमी र कमजोरीलाई पनि सुधार गर्दै उत्कृष्ट प्रदर्शन गर्ने उनले बताए ।

श्रीलंकामा नेपालले ४ अभ्यास खेल खेल्ने तालिका रहेको छ । नेपाली टोली श्रीलंकाबाटै मार्च १४ मा युएई प्रस्थान गर्ने छन् । नेपालले सिरिजमा युएई र पपुवा न्यू गिनी (पीएनजी) विरुद्ध खेल्नेछ। सिरिजको पहिलो खेलमा नेपालले पीएनजीविरुद्ध खेल्नेछ ।


## कतारमा रोजगारको अवसर | १. कम्पनी: ENOVA CONTRACTING & TRADING
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०८/२१ चलानी नं.: ६०१६९७९४ LT. No.: 253168 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 39 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1700 | ५६,२०२ | | | | | | | |
| 3. | Plumber | 2 | 0 | | 1200 | ३९,९३६ | | | | | | | |
| 4. | Storekeeper | 5 | 0 | | 1900 | ६२,८१४ | | | | | | | |
| 5. | Machine Operator | 2 | 0 | | 1900 | ६२,८१४ | | | | | | | |
| 6. | Heavy Vehicle Driver | 1 | 0 | | 2200 | ७२,७३२ | | | | | | | |
| 7. | Administration Officer | 1 | 0 | | 2500 | ८२,६५० | | | | | | | |

२. कम्पनी: QATAR MANPOWER SOLUTIONS COMPANY शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७७/११/२३ चलानी नं.: ६०१५५१२८ LT. No.: 236746 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker (Female) | 0 | 30 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Light Driver | 10 | 0 | | 1500 | ४९,९२० | | | | | | | |

३. कम्पनी: AL WAHA AGRICULTURAL SERVICES AND TRADING शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०३/१३ चलानी नं.: ६०१५९३०१ LT. No.: 241557 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farmer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber | 1 | 0 | | 1200 | ३९,९३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २८ गते (12 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.२ को रु.१०,०००/- अन्यको नि:शुल्क |

Mobhira Recruitment Consultancy services (P.) Ltd.
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६,
मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com
श्रम इजाजत नं. १४६९/०७४/०७५


## राजबिराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
